बर्दिया जिल्लाको राजापुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बंगुरपालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष २० गतेदेखि २२ गतेसम्म बर्दिया जिल्लाको राजापुरमा **"व्यवसायिक बंगुरपालन तालिम"** सम्पन्न गरेको संस्थाका राजापुर कार्यालयका शाखा प्रमुख श्री देविराम पराजुलीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री पुर्ण बहादुर खत्री, श्री मनिशंकर भट्ट, श्री शाखा प्रमुख श्री देविराम पराजुली क्षेत्रीय कार्यक्रम अधिकृत श्री नवराज जोशी रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री नवराज जोशीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बर्दिया राजापुर शाखाका प्रमुख श्री देविराम पराजुलीले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता ब्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।



बंगुरपालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बंगुरमा भिन्नता, बंगुरपालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बंगुरहरुको जातिय परिचय, बंगुरपालन विधि, उमेर अनुसार पाठापाठी, बंगुरलाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बंगुरलाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (बंगुरको लागी भूँई घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बंगुर तथा बिरको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै बंगुरलाई ब्यारो तथा खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बंगुरको पहिचान, रोग लाग्नाका कारण तथा बंगुरमा लाग्ने हैजा रोग, थुनेलो, धनुस रोग लुतो रोग छेरौटी रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बंगुरमा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बंगुरपालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास,

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

बजार व्यवस्थापन, बंगुरपालनको स्किम, बचतको महत्व तथा संस्थाका सेवाहरुकोबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको राजापुर शाखाका शाखा प्रमुख देविराम पराजुलीले बताएका थिए । व्यवसायिक रुपमा बंगुरपालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री नवराज जोसीले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री कृष्ण कुमारी थारु र श्री पुर्ण कला चौधरीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बंगुरपालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 